# गुजरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सिमरा भवानीपुर,रौतहट
## मधेश प्रदेश, नेपाल

**आ.व. २०८१/०८२ को लागि हाटबजार/ईट्टा नगर निकासी ठेक्का बन्दोवस्त सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०८१/०३/२६)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (२)ग तथा गुजरा नगरपालिकाको आर्थिक ऐन, २०८१ अनुसार गुजरा नगरपालिकाको आ.व. २०८१/०८२ का लागि बढाबढमा निम्न शीर्षकामा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छुक नेपाली नागरिक वा फर्म, कम्पनीहरुले यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गरी तोकिएको शर्तको अधिनमा रितपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र छुट्टाछुट्टै ठेक्का नम्बर अनुसार पेश गर्न सम्वन्धित सबैको जानकारीको लागि १५ दिने यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| ठेका नम्बर | ठेका विवरण | उठाउनु पर्ने क्षेत्र | न्यूनतम कबोल अंक (मु.अ.कर वाहेक) | वोलपत्र फाराम दस्तुर | धरौटी रकम (कबोल अंकको) |
|---|---|---|---|---|---|
| १/०८१/०८२ | सिमरा भवानीपूर बजार | हाट बजार क्षेत्रभित्र | २,२७,०००/- | १,०००/- | ५% |
| २/०८१/०८२ | पल्टुव बजार | हाट बजार क्षेत्रभित्र | १,४०,०००/- | १,०००/- | |
| ३/०८१/०८२ | कटानी बजार | हाट बजार क्षेत्रभित्र | २८,०००/- | १,०००/- | |
| ४/०८१/०८२ | हरिहरपुर बजार | हाट बजार क्षेत्रभित्र | २०,०००/- | १,०००/- | |
| ०५/०८१/०८२ | ईट्टा नगर निकासी | गुजरा न.पा. क्षेत्रधिकार भित्र | ८,००,००० | १,०००/- | |

**शर्तहरु:-**

१. ठेक्का अवधि २०८१ सम्झौता मिति देखि लागु भई २०८२ अषाढ मसान्त सम्म मात्र हुनेछ ।

२. ठेक्काको लागि दरभाउपत्र फारम यो सुचना पहिलो पटक प्रकाशित मितिले १५ (पन्ध्र) औं दिनसम्म कार्यालयको जिन्सी शाखाबाट खरिद गर्न सकिने छ र यसरी खरिद भएको दरभाउपत्र १६ (सोहौ) औं दिन दिनको १२:०० बजे भित्र खरिद गरेकै शाखामा दर्ता गरी सक्नु पर्ने छ ।

३. दरभाउपत्रदाताले दरभाउपत्र दर्ता गर्दा अफूले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको NIC ASIA बैंक सिमरा भवानीपुर रौतहट स्थित खाता नं.४६CA०५१२५१६५२४०६ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा १२० दिन को म्याद भएको बैंक ग्यारेण्टी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

४. दरभाउपत्र फारम खरिद एवं दर्ता गर्न अन्तिम दिन विदा पर्न गएमा त्यसको लगतै कार्यालय खुलेको दिनलाई क्रमश अन्तिम दिन मानिनेछ ।

५. विभिन्न ठेक्काहरुको टेन्डर फारममा उल्लेख भए अनुसारको ठेक्का नम्बर खाममा खुलाई अलग अलग रुपमा छुटा छुट्टै पेश गर्नु पर्ने छ ।

६. शिलबन्दी दरभाउपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । दरभाउपत्रको कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईने छ ।

२०८१/३/२५

राज कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गुजरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिमराभवानीपुर, रौतहट
मधेश प्रदेश, नेपाल

दर्ता भएका शिलबन्दी दरभाउपत्र सोही दिन दिनको २:०० (दुई) बजे यस कार्यालयमा दरभाउपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । साथै दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

८. दरभाउपत्र स्वीकृतीको सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र संस्था दर्ताको प्रमाण पत्र, मु. अ. कर प्रमाण पत्र, आ.व. ०७९।०८० सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि सहित सम्झौत गर्न निवेदनका साथ आउनु पर्ने छ । सो अवधिमा सम्झौता नगरेमा धरौटी रकम जफत गरिनेछ र दोस्रो दरभाउपत्र दाताको दरभाउत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनःदरभाउपत्र अवहान गर्ने वा नगर्ने अधिकार गुजरा नगरपालिकामा सुरक्षित रहने छ ।

९. दरभाउपत्र स्वीकृत भई सकेपछि सम्झौता गर्न आउदा सकार गरेको कुल रकमको ५०% रकम आन्तरिक राजश्व खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ र बाँकी ५०% को हकमा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकको कम्तीमा २०८२ श्रावण महिना सम्मको म्याद भएको परफरमेन्स बन्ड पेश गर्नु पर्ने छ । बाँकी ५०% रकम सम्झौता भएको ६ महिना भित्रमा बुझाई सक्नु पर्ने छ ।

१०. परफरमेन्स बन्ड पेश गर्न नसकेमा कवोल गरेको सबै रकम एकमुष्ट आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्ने छ ।

११.बुदा नं. ९ र १० मा उल्लेखित शर्त पुरा गरेपछि मात्र सम्झौता गरी चलन पुर्जी दिईनेछ ।

१२.प्रचलित कानुन अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर दरभाउपत्रदाता स्वंयमले व्यहोर्नु पर्नेछ ।

१३.कवोल अंकको १३% मु. अ. कर समेत ठेक्कादार स्वंयमले यस कार्यालयको धरौटी खातामा रकम जम्मा गरेको छुटै सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

१४.ठेक्का चलन गर्दा यस कार्यालयले तोके बमोजिमको ढाचाँको रसिद ठेक्दार आफैले छपाई कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।

१५. ढाट (तगारो) राखी वा अन्य कुनै प्रकारको अवरोध खडा गरी कर लिन पाईने छैन ।हाट बजारमा बिक्री गर्न ल्याउने व्यवसायीहरुबाट तोकिएको दररेटमा शुल्क संकलन गर्नुपर्ने छ ।

१६. कानुनले निषेध गरेको वस्तु वा सामानमा शुल्क लिन पाईने छैन र यस वापत कुनै माफि मिन्हा समेत दावी गर्न पाईने छैन र त्यस्तो कुनै माफी दिइने छैन ।

१७. ठेक्का सम्बन्धि कार्यालय तथा ठेक्दार विच कुनै विवाद उत्पन्न भएमा गुजरा नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै प्रदेश सरकार वा यस नगरपालिकाले वेला वेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्बन्धित ठेक्दारको कर्तव्य हुनेछ ।

१८. यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ का साथै अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१९. दरभाउपत्र फारम दस्तुर यस कार्यालयको NIC BANK सिमरा भवानिपुर रौतहटका शाखामा ग-१-१ आन्तरिक राजश्व खाता नं. २१७२०५००२८४४५००२ मा रु.१०००।- नगद जम्मा गरेको सक्कलै बैक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरी दरभाउपत्र फारम खरिद गर्नुपर्ने छ ।

२०८१।२।२५

राज कुमार अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

राज कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner